Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com   For evaluation only.

सधिँ लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

खबर

**आवश्यकता**

मुलुकी दैनिकलाई उदयपुर जिल्लाको सबै स्थानीय तहहरु चार नगरपालिकाहरु त्रियुगा, चौदण्डीगढी,बेलका, कटारी, चार गाउपालिकाहरु लिमचुङबुङ, रौतामाई, उदयपुरगढी र ताप्ली गाउपालिकामा रहेर समाचार लेख्ने संवाददाता आबश्यक परेको हुदा इच्छुकले सम्पर्क गर्नुहोला ।

**सम्पर्क: ९८४२९८५१८८**

■ बर्ष-१६, ▶▶ अंक ३२ ▶▶ जेठ २५ मंगलबार,२०७८, June – 8 Tuesday ,2021,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/- www.majhkharka.com




***दुई एसपीको साईकल अनुगमन***: २४ गते सोमबार विहान ९.१० बजे गाईघाट लोकतान्त्रिक (पिपल चोक)मा जिल्ला प्रहरी प्रमुख (एसपी) भीमबहादुर दाहाल र सशस्त्र प्रहरी एसपी सुधिर सुबेदी साईकलमा निशेधाज्ञाको अनुगमन क्रममा ९:०० बजेपछि चलेका सवारीसाधनको चाबी खोस्दै ।

*तस्बिर - बुद्धि कुमार राई*

# लामा खोलामा पुल बन्दै

❖ महेन्द्र राई



***चौउदन्दीगढी, जेठ २४***

मदन भण्डारी लोकमार्गको गाईघाट-बसाहा खण्डमा पर्ने लामा खोलामा पुल निर्माण कार्य धमाधम भईरहेको छ । कोविड कहरका कारण महिनादिनयता जारी निषेधाज्ञाको अवस्थामा पनि पुलको काम निरन्तर भईरहेको लोकमार्ग कार्यालयले जनाएको छ ।

चौदण्डीगढी २ र ४ को सीमामा पर्ने सो खोलामा पुल अभावमा वर्षौंदेखि स्थानीयले समस्या भोग्दै आउनु परेको छ । लोकमार्ग निर्माणको क्रममा त्यहाँ पुल बनाउने इस्टीमेट भए पनि बिबादका कारण अर्कै खोलामा पुल बनाइएपछि त्यहाँको समस्या ज्युँका त्थयुँ थियो ।

वर्षायाममा अत्यन्त समस्या परेपछि चौदण्डीगडी नगरपालिकाले गतवर्ष १४ लाख लगानीमा मोटरसाईकल र जीप, कार, भेन तर्न सक्ने अस्थायी पुल बनाएको छ । गतवर्ष पछिल्लो इस्टीमेट बनाएर त्यहाँ पुल निर्माण कार्य थालिएको लोकमार्ग प्रमुख (डिई) बेलबहादुर भुजेलले बताए । उनका अनुसार पुलको ठेक्का सपना निर्माण सेवा हेटौडाले पाएको छ ।

कोविडबाट बँच्न मजदुरहरु स्वास्थ्य मापदण्ड अपनाएर काम गरिरहेको कम्पनी प्रतिनिधि लवनाथ रिजालले बताए ।१ वर्षभित्र सक्ने गरी ३ महिनाअघि सुरु ८० मिटर लम्बाइ र ११ मिटर चौडाइको पुलको स्पाम सकिन लागेको उनले बताए ।

लामासँगै बसाहाकै वरपीपल चोकस्थित सुन्दरी र बेल्टार पश्चिम-दक्षिणको ज्यामिरे खोलामा पनि सोही कम्पनीले पुल बनाउने जनएको छ । लामा खोलाको बाढीले गतवर्ष १ स्थानीय युवाको ज्यान गएको थियो ।

# गाईघाटको सडक मर्मतमा ब्यापक गुनासो

❖ बुद्धि कुमार राई



***गाईघाट, जेठ २४ ।***


गाईघाट बजारको सडक मर्मत सम्भारमा भईरहेको कामकमा स्थानीयहरुले ब्यापक गुनासो गरिरहेका छन् । त्रियुगा नगरपालिकाको वडा नम्बर११ मा पर्ने बजार क्षेत्रको सडक मर्मत सम्भारको लागि छुट्याईएको ५७ लाख बजेट काम टालटुल गरेर सक्ने उदेश्यले निर्माण कम्पनीले बनाईरहेको विभिन्न सामाजिक सञ्जालमा बिरोध भईरहेको छ ।

गाईघाट पुरानो गाईघाटका सन्तोष चौधरी फेस्बुकमा लेख्छन् यो काम राम्रो भएन। जुन ठाउँमा सडक मर्मत गरिनुपर्ने हो त्यही ठाउमा नै सडक कोतारेर त्यही ठाउँको पुरानै माटोले पुर्ने हो भने किन मर्मत सम्भार गरिरहनुपर्यो ।

भत्किएको पुरानो ठाउँमा नयाँ गिटी मसाला लगाएर निर्माण गर्दा टिकाउ हुनेथियो । गाईघाट पिपलचोक लोकतान्त्रिक चोकका स्थानीय तथा बरिष्ठ कानुन अधिबक्ता मोहन बहादुर कार्की चाही यो असारे बजेट सक्ने नाटक भएको उनको प्रतिक्रिया छ। अर्का मुकेश राई भन्छन् यो काम गर्नु भन्दा यो बजेटलाई सही ठाउँमा सदुपयोग गर्नु राम्रो । पुरानो गाईघाटका स्थानीय रविन्द्र राईको प्रतिक्रिया चाही यसरी टालटुल गरेर बजेट सक्नुभन्दा थौरै भएपनि लामो समय टिकाउ हुने सडक बनाउनु उचित हो ।

बिधुतमार्गमा भने स्थानीयहरुले सडक मर्मतमा रोक लगाईसकेका छन् । त्रियुगा नगरपालिकाका इन्जिनियर निर्मल चौधरीले सडक निर्माणमा गुनासो आएकाले अब बैठक बसेर सडक निर्माणको बिषयमा टुङ्गो लगाईने बताए ।

**सगरमाथा डिपाटमेन्ट स्टोर**



Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकिय

# ठेकेदारहरुको असली रुप

अहिले गाईघाट बजारको बिभिन्न सडकहरु भतिएका कारण टालटुल गर्ने काम भईरहेको छ। आफ्नै घर अगाडी सडक स्काइभेटरले कोतारिहेका समयमा स्थानीयहरुले बिरोध पनि गरे। हिमाली टोल बसपार्क, बिधुतमार्गलाईन, पिजी चोकदेखि सुम्निामा चोकसम्म अहिले खुब बिरोध भईरहेको छ। हिमाली टोलका टोल सुधार समितिका स्थानीयहरुले बिरोध गरेर बार्ता गरेपछि उनीहरुले सडकमा टालटुल गर्ने अनुमती दिएका छन्।

तर अन्य क्षेत्रमा अहिले तनाब भईरहेको छ। आगामी असार मसान्तसम्ममा काम सकिसक्नुपर्ने भएकाले निर्माण कम्पनी शुसन आदित्य निर्माण कम्पनी अहिले सामान्य काम टालटुल गरेर बजेट सक्ने ध्यानमा छ। स्थानीय ठेकेदारले आफ्नै घर अगाडीको सडकको टालटुल गरेको हेर्दा लाग्छ बजेट सक्नमा नै उनको ध्यान छ। सामान्य त सडकको बजेट नै मर्मत सम्भार भएकाले काम सोही बमोजिम गर्नु पर्ने हो तर पनि स्थानीय ठेकेदार भएकाले आफ्नो घर अगाडीको सडक कस्तो बनाउने भन्नेमा उनी पनि जिम्मेवार हुन्। निर्माण कम्पनीले काम ठेक्कामा लिएपछि उनको ध्यान कसरी काम थोरै बजेटमा सम्पन्न गरेर नाफा कमाउने भन्नेमा सोच्ने हो भने हाम्रा बिकास निर्माणको काम सधै गुणस्तरबिहिन हुनेछ।

गाईघाटको मुख्यचोकदेखि पूर्वी भागको सानोचोकदेखि बिधुत मार्ग लाईनमा किन स्थानीयहरुले काम रोके त भन्दा स्थानीयहरुले बुझ्े बर्षेनी यसरी बजेटको दुरुपयोग गर्नु भन्दा हरेक बर्ष आएको सानो र थोरै बजेटले थोरै भए पनि राम्रो सडक बनोस भन्ने उनीहरुको चाहाना हो। अहिले त्यो लाईनको सडक अलपत्र बनेको छ। ठेकेदारले स्काइभेटरले सडक कोतारेर त्यतिकै छाडेका छन्। अहिले बिधुत मार्ग लाईनको सडक हेरीसक्ने अबस्थामा छैनन भने त्यो बाटो हिडिसक्ने खालको छैन। सडक मर्मत सम्भार ठेक्का लिएका ब्याक्तिले अब सडकको काम ठेक्का लिएर कसरी राम्रो र हाम्रो सडक बलियो टिकाउ गुणस्तरीय बनाउन सकिन्छ भनेर सोचेर काम गर्न सक्नुपर्यो। काम सकेसम्म थोरै रकममा सकेर नाफा कमाएर आफ्नो ब्याक्तिगत रहरहरु पुरा गर्दै गर्दा सडकको बिजोग देख्न रुचाउनु भएन ठेकेदारहरुले। अबका निर्माण ब्यावशायीहरु यो देशका यो समाजका जिम्मेवारी देशका निर्माणकर्ता हुन। अब नाफा कमाउन होइन सडक, भबन बलियो र टिकाउन बनाउन ध्यान केन्द्रित बन्न सबैले प्रयास गरौ।

## जेठ २४ गते सोमबार

## गाईघाटको तरकारी बजार भाउ



| | | | | | |
|---|---|---|---|---|---|
| १, | आलु | रु ४० | १२, | फुलकोबी | रु ५० |
| २, | अदुवा | रु १०० | १३, | फर्सि | रु ३० |
| ३, | टमाटर | रु ६० | १४, | कटहर | रु ६० |
| ४, | बन्दा | रु ५० | १५, | काका | रु ४० |
| ५, | भेन्टा | रु ५० | १६, | धनियाँ | रु१५० |
| ६, | खुर्सानी | रु ८० | १७, | लोकलबोडि | रु ८० |
| ७, | मुला | रु ६० | १८, | खर्बुजा | रु ४० |
| ८, | पर्बल | रु ८० | १९, | रायो साग | रु ६० |
| ९, | तितेकरेला | रु ६० | २०, | लट्टे साग | रु ४० |
| १०, | भिन्डी | रु ४० | २१, | प्याज | रु ५० |
| ११, | च्याउ | रु २०० | २२, | निगुरो | रु २० |

# ३५ बर्षदेखि चटपटेमा रमाउँदै बिनोद साह

❖ बेदकुमारी राई

*उदयपुर, जेठ २३*

उदयपुरको गाईघाट बजारको लालिगुँरास बोडिङ स्कुल लाइनको जि.के. पुस्तक पसल अगाडि एउटा ठेलामा बिनोद चटपटे नाम गरेको ठेला छ। कोरोना महामारी सुरु भएपछि अहिले त्यो ठेला कतै सारिएको छ। गाईघाटका स्थानीय तथा गाईघाट आउने प्राय सबैले बिनोद साहले हातले बनाएको चटपटेको स्वाद चाखेका छन्।




अहिले बजार बन्द भएका कारण बिनोदको चटपटे राख्ने ठेला कतै कुनामा ठुनिएका छन्। उनको बुबा जयनारायण साहं पनि चटपटे नै बेचेर उनीहरुको पालनपोषण, शिक्षा दिएर उनीहरुलाई हुर्काए। बिनोदका आमा कृष्णदेवि साहं ले पनि उनका बुवा जयनारायण साहलाई चटपटे बनाउनमा सघाए। यिनै दम्पतिका बिनोदहरु ७ जना सन्तानहरु छन्।



जयनारायणको हात खुट्टाले सकेसम्म चटपटे बेचे त्यसपछि आफ्नो यो काम आफ्नो जेठो छोरा बिनोद साहलाई जिम्मा लगाए। पहिले चटपटेमात्र बच्ने गरेका बिनोद अहिले चटपटे,पानिपुरी,ढुङग्री, अण्डा जस्ता खाजा बनाएर बजारमा बेच्छन्। बिनोद साहका स्वर्गीय श्रीमती सुमित्रादेवि साह ले पनि बिनोदलाई चटपटे ब्यापारमा खुब साथ दिए।



बिनोद साहले चटपटे बनाउन थालेको ३५ बर्ष भयो। अहिलेपनि उनि चटपटे बेचिरहेका छन्। गाईघाट बजार आउने जाने अधिकांशले उनको हातले बनाएका चटपटेको स्वाद चाखेका छन्। बिनोदले थाहा पाउदा गाइघाटमा १ रुपैयामा चटपटे खुवाएका थिए

त्यो बेला १ रुपैयाको एक सोली चटपटे बेच्थे भने अहिले कम्तीमा २० रुपैयामा एक सोली चटपटे बेच्छन्। बिनोद आफु सामान्य ५ कक्षासम्म सप्तरी राजबिराजमा पढेपनि आफ्ना छोराछोरीलाई उच्च शिक्षा पढाउन चाहन्थे। उनका ३ छोरा र ५ छोरी गरी ८ जना सन्तान छ। २९ बर्षिया जेठो छोरोले राम्रो सँग अध्ययन गरी दिएनन् अहिले उनी मलेसियामा काम गरिरहेका छन्। अन्य छोराछोरी बिनोदलाई काममा सघाउदै पढ्छन् भने कोही बिहे गरेर आफ्नै ब्यापार व्यवशाय चलाईरहेका छन्। विनोद भन्छन् बाबु बाजे यही जन्मेर गर्दै आएको पेशा हाम्रो पेशा भएकाले यही चटपटे बेच्नमा नै बिनोद खुशी छन्। आफ्नो सन्तानलाई



लालनपालन गराउँदै उच्च शिक्षा पढाउन वातावरण दिएका विनोद आफुले गर्दै आएको पेशा धेरै झन्झटिलो भएकाले आफ्ना सन्तानलाई यो पेशामा नआईदिवोस भन्ने उनलाई लाग्छ। अहिले छोराछोरीलाई आफ्नो इच्छा अनुसार काम गर्न उनले स्वतन्त्र रुपमा छाडिदिएका छन्। बिहान ४ बजे उठेपछि बजारमा ठेलामा चटपटे बेच्नलाई सुरसार सुरु गर्छन। उनी बेलुकी ८ बजेसम्म ठेलामानै चटपटे बेचिरहेका हुन्छन। उनी दैनिक १८ सय सम्मको चटपटेको ब्यापार गर्छन। उनका बुबाले यस्तै चटपटे ब्यापार गरेर उनीहरुको जिवन चलाईदिए। अहिले बिनोद आफ्नै बुबाको पुर्खौली ब्यापारको बिडो थामिरहेका छन्। बिनोद भन्छन म अहिले ५१ बर्षको भए यो उमेर सम्म पनि चटपटे बेचिरहेको छु। शरिरले सकेसम्म चटपटे बनाएर खुवाईरहन्छु।

Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# लिमचुङबुङलाई अक्सिजन कन्सन्ट्रेटर

❖ रेनुका कुमारी राई

*उदयपुर, जेठ २४*

रोजगारी तथा पेशा व्यवसायको सिलसिलामा देशविदेशमा रहेका युवाहरुको समूहबाट लिमचुङबुङ गाउँपालिकालाई कोविडविरुद्धको स्वास्थ्य सामग्री प्राप्त भएको छ। पछिल्लो समय फैलिएको कोविड भेरिएन्टको संक्रमण बढ्दो अवस्थामा युवा समूहले स्वास्थ्य सामग्री खरिद गरेर गाउँपालिकालाई हस्तान्तरण गरेको हो ।

अभियानका संयोजक लिमचुङबुङ १ बाँसबोटेका सामाजिक अगुवा देवराज राई नेतृत्वको टोली आईतबार गाउँपालिका पुगेर स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ । गाउँपालिकालाई अक्सिजन कन्सन्ट्रेटर २ थान, सेनिटाईजर १ सय २० थान, मास्क ७ हजार ७ सय ५० थान र शक्तिबर्द्धक खाजा हर्लिक १४ किलो उपलब्ध गराएको संयोजक राईले बताए । टोलीले गाउँपालिका स्वास्थ्य शाखा प्रमुख



नौलशेर राई, अस्पतालका आईसोलेसन प्रमुख कर्णशेर राई, वडाध्यक्षलगायत जनप्रतिनिधिलाई हस्तान्तरण गरेको अर्का सामाजिक अगुवा तथा टोली सदस्य राजकुमार राईले बताए ।

राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थितिमा सुरक्षा मापदण्ड र दुरी कायम गरी बितरण गरिएका सामग्री गाउँपालिकाका ५ वटै वडालाई बितरण गरिएको छ ।

युवा टोलीले उपलब्ध गराएको सामग्री झण्डै ५ लाख मूल्य बराबरको रहेको छ ।ती सामग्री काठमाडौं तथा बिभिन्न देशमा कार्यरत युवाहरुले आफ्नो गाँस काटेर दिएको स्वेच्छिक चन्दा रकमले खरिद गरिएको हो । सहयोग गर्नेमा एसके राई,(शंकर राई), मलेसियाका कैलाश राई, प्रबिण राई, राजकुमार भुजेल, थिरन राई र अनिल राई, साउदी अरवबाट बिजय राई र बयान राई, दुबईबाट नीमा कोयु राई, अमेरिकाबाट शम्भु राई र दोशन राई, दक्षिण कोरियाबाट कविल राई, सञ्जिब बुढाथोकी र अशल किराँती रहेका छन् ।

कोविडले गाउँपालिकाबासीलाई संक्रमण गर्दै लानुका साथै एकजनाको दुखद मृत्यु भईसकेको अवस्थामा सबै मिलेर सहयोग गरेका हुन ।













Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# नेपाल ३ – ० गोल अन्तरले जोर्डनसंग पराजित

❖ मुलुकी संवाददाता





*उदयपुर, जेठ २४*

फिफा विश्वकप २०२२ तथा एसियन कप २०२३ अन्तर्गत दोस्रो चरणको छनोटमा नेपाल जोर्डनसंग पराजित भएको छ।

कुवेतमा सोमबार राती भएको खेलमा नेपाल जोर्डनसंग ३ – ० गोल अन्तरले पराजित भएको हो। जोर्डनबाट गोल गर्ने खेलाडीहरुमा बाहा फाइजल सिफले दुई गोल गरे। कुवेतको जाबेर अल अहमद अर्न्तराष्ट्रिय रंगशालामा भएको खेलको २४ र ४९ औं मिनेटमा बाहा फाइजलले गोल गरेका थिए। ६७ औं मिनेटमा जोर्डनका याजनले गोल गरी ३ – ० अन्तरले नेपाललाई पराजित गरे। यस अघि जोर्डनले गत अक्टोबरमा कुवेतमानै नेपाललाई ३ – ० गोलले पराजित गरेको थियो।

खाना पकाउने ग्याँस (एल पी ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी
एल पी ग्याँस अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :
१. सिलिण्डर स्याउरा कैलाय नसुताऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधैं भ्याल ढोका खुल्ला राखौं र चुलोको काममा लगाएर मात्र खाना पकाउने गरौं।
ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :
१. खाना पकाउने ग्याँसमा एल.पि. ग्यासको गन्ध आउदैनको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुलोको नब बन्द गरौं।
२. भ्याल ढोका खुल्ला राखौं र भिल्का निस्कने वस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाइटर, धुप आदि नबालौं। विद्युतीय उपकरणको प्रयोग नगरौं।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौं र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौं।
"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो!"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

त्रिपा – ११ गाईघाट, उदयपुर, असारीरोड,
लालिगुराक बोडिङदेखि पूर्व पटी मन्दिर अगाडी।
प्रोपाइटरः–**थमान चामलिङ राई**
सम्पर्कः– ९८४२९७५८७७, ९८१९७३८६८३
*यहा अण्डा डिलर होलसेल तथा खुद्रा मुल्यमा बिक्रि गरिन्छ। पानी, थुक्पा, सस, स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु, खुद्रा तथा होलसेल मुल्यमा पाईन्छ।*

पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

त्रिपा–११ गाईघाट, असारीरोड, लालिगुराक बोडिङ पूर्व काका होटलसँगै जोडिएको
प्रोपाइटरः–**बिनोदकुमार पाण्डे**
सम्पर्कः– ९८५२८३७५८२
*यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

माझखर्क साप्ताहिकको सह-प्रकाशन..
मुलुकी दैनिक
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ राई)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट